जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष १० ● अंक ३ ● २०७९ कार्तिक १० गते बिहिवार ● 27 Oct. 2022 ● पृष्ठ ४ ● मुल्य रु.५/-






## सम्पादकीय ...

# तिहारका गुलिया मिठाइ र स्वास्थ्य

*चाडपर्वका बेला खानेकुरामै ज्यादा ध्यान केन्द्रित हुन्छ। बिहान उठेदेखि राति नसुतेसम्म तथा दिनभर नै अब अर्का पटक के खाने भन्ने छलफलमै व्यस्त बन्छौं। हामी पनि त्यस्तै छौं, चाडपर्वकै नाममा जीवनशैली अनियमित बनाइदिन्छौं। मनाउने तरिका अस्वस्थकर बनाउँछौं र विभिन्न स्वास्थ्य समस्याबाट जकडिरहेका हुन्छौं। जानीजानी बिहान चाँडै उठेर नियमित व्यायाम गर्ने बानी छाड्छौं, राति पनि अबेर सुत्छौं । ट्राइग्लिसिराइड, युरिक एसिड, सुगर, उच्च रक्तचाप ३० देखि ४० प्रतिशतमाथि गएको पाइन्छ। यसको स्तर ठीकमा ल्याउँदासम्म शरीरको भित्री भागमा केही न केही नोक्सान भइसकेको हुन्छ ।*

*तिहारमा गुलियो खानेकुराको स्थान सबैभन्दा उच्च छ। चिनी गुलियो हुन्छ । सबैलाई मन पर्छ तर चिनीले तत्कालै शक्ति दिनेबाहेक कुनै फाइदा दिँदैन तथा स्वास्थ्यका लागि उपयुक्त पनि हुँदैन । गुलियोले सेता रक्तकोषहरू कमजोर बनाउँछ, ग्लुकोजको रासायनिक बनोट भिटामिन सीसँग मिल्दोजुल्दो भएकाले रगतमा ग्लुकोज बढ्दा कोषकोषमा बस्छन् । जसले एकातिर भिटामिन सीको कमी भई रोगविरुद्ध लड्ने शक्तिमा ह्रास हुन्छ भने अर्को तिर इन्सुलिन बढाई ग्रोथ हर्मोनको उत्पादन कम हुन्छ र इम्युनिटी घटाउँछ। इन्सुलिनले शरीरमा ट्राइग्लेसेराइडको मात्रा बढाउँछ, बोसो भण्डारण गर्छ ।*

*जसले मुटुधमनीका रोगहरू, उच्च रक्तचाप बनाउन सक्छ। धेरै वा पटकपटक चिनी वा गुलियो परिकार खानेमा चाँडै नअघाउने, पटकपटक खाइरहने बानीले मोटोपना, खनिजतत्वको सञ्चित र भण्डारणमा कमी ल्याउँछ। शिशुहरूमा दाँतको समस्या देखिन्छ। अत्यधिक चिनी सेवनले मानसिक एकाग्रतामा कमी, झर्किने तथा डिप्रेसन ल्याउँछ, मिर्गौलामा नकारात्मक असर, शरीर सुन्निने, पेटको समस्या, हड्डी खिइने, टाउको दुख्ने, माइग्रेन समस्या बढी हुन्छ ।*

# नेपाल सदभावना पार्टीद्वारा धनुषा जिल्लाभरि मतदाता जागरण तथा भण्डाफोर अभियान सुरु

जलेश्वरटुडे समाचारदाता
धनुषा, ९ कार्तिक

नेपाल सदभावना पार्टीकोले धनुषा जिल्ला जनकपुरधाम उप-महानगरपालिकाको सहिद गेटमा रहेको मधेस आन्दोलनको वीर सहिद स्व.संजय चौधरी लगायत वीरसहिदहरुको प्रतिमा मा फुलमाला अर्पण गरि पुर्वनिर्धारित कार्यक्रम अनुसार धनुषा जिल्लाभरि मतदाता जागरण तथा भण्डाफोर अभियान सुरु गरिएको छ।

उक्त भण्डाफोर अभियान अन्तर्गत सिरहा, सप्तरी लगायतको ठाउंहरुमा कार्यक्रम सम्पन्न गरी आज धनुषा जिल्ला क्षेत्र नं.२ अन्तर्गतका बिदेह ननगरपालिका, औरही गाउंपालिका, सहिदनगर नगरपालिका, हँसपुर नगरपालिका, सबैला नगरपालिकाको विभिन्न गाउँ, टोल तथा चौकहरुमा "मतदाता जागरण तथा भण्डाफोर अभियान" अन्तर्गत मतदाता संग प्रत्यक्ष भेटघाट कार्यक्रम जारी रहेको छ ।




सो भेटघाट कार्यक्रममा पार्टी अध्यक्ष रामकुमार महतो, महासचिव नागेन्द्र सिंह, प्रवक्ता प्रा.पवन कुमार साह, केन्द्रिय सदस्य मुरारलिाल कर्ण, राजकुमार चौधरी र मिश्री मण्डल लागयत नेता तथा कार्यकर्ताको उपस्थिती रहेको थियो ।


# हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व तिहार एवं छठ को शुखद अवसरमा सम्पूर्ण नगर वासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





डा.दिपेन्द्र महतो
नगर प्रमुख

गौशाला नगरपालिका
कार्यालय (परिवार)
महोत्तरी ।


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक खर्चको संभावना
कर्कट: लामो यात्राको योग छ
सिंह: मनमा पछुतो आउने
कन्या: शुभ कार्यको शुरुवात
तुला: अनावश्यक चिन्ता
वृश्चिक: खानपानमा समस्या आउने
धनु: अशुभ समाचार प्राप्त हुने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: मित्रतामा फाटो आउने
मीन: आम्दानी हुने

## प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# २०७४ कै प्रतिस्पर्धी उम्मेदवार पुनः चुनावी मैदानमा

जलेश्वरटुडे समाचारदाता
धनुषा, ९ कार्तिक



धनुषा निर्वाच क्षेत्र नं ४ प्रतिनिधिसभामा २०७४ कै प्रतिस्पर्धी उम्मेदवार पुनः चुनावी मैदानमा उत्रिनुभएको छ । सत्ता गठन्धन कांग्रेसबाट महेन्द्र यादव, नेकपा एमालेबाट रघुवीर महासेठ र जनता समाजवादी पार्टी ( जसपा) बाट महाजन यादवबीच नै यस पटक पनि त्रिपक्षीय भीडन्त देखिएको छ ।

हुन त यस क्षेत्रमा जनमत पार्टीका किसुन यादव, राप्रपाका अनिरुद्ध यादव, स्वतन्त्रबाट विजय याद, हास्य कलाकार कृष्णकुमार महतोसहित ३१ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । तर मुख्य प्रतिस्पर्धा भने कांग्रेस, एमाले र जसपाका उम्मेदवारबीच नै हुने देखिएको छ । यसअघि धनुषा निर्वाच क्षेत्र नं ४ बाट तीन पटक निर्वाचित भएका नेकपा एमालेका सचिव रघुबीर महासेठ अहिले पनि प्रतिस्पर्धामा रहेका छन् । एमाले र जसपाबीच गठबन्धन भएपनि दुबै दलको आ-आफ्नै उम्मेदवार छन् भने यता सत्ता गठबन्धनको एकल उम्मेदवार उठाएको छ । विसं २०७४ को निर्वाचनमा पनि तीन उम्मेदवारबीच चर्को प्रतिस्पर्धा रहेको थियो । तत्कालीन वाम गठबन्धनका साझा उम्मेदवार महासेठ २२ हजार ५३२ मतका साथ विजयी हुँदा कांग्रेसका महेन्द्रले १९ हजार ९९१ र मधेसी गठबन्धनका उम्मेदवार महाजनले १९ हजार ६६२ मत प्राप्त गरेका छन् । महासेठ र महाजन दुबैले अघिल्लो चुनावका सहयात्री गुमाइसकेका छन् । त्यो बेला रघुवीरको साथमा रहेको माओवादी र महाजनको साथमा रहेको लोकतान्त्रिक समाजवादी पार्टी (तत्कालीन राजपा) दुबै यो पटक कांग्रेसका उम्मेदवार महेन्द्रको साथमा छन् । एमालेबाट फुटेको एकीकृत समाजवादी पनि सत्ता गठबन्धनमै छ । त्यसैगरी एमाले र जसपाबीच चुनावी गठबन्धन भए पनि दुबैको आ-आफ्नै उम्मेदवार भएपछि सत्ता गठबन्धनलाई फाइदा पुग्ने अवस्था देखिएको राजनीतिक विश्लेषकहरू बताउँछन् । एमालेले (क) मा कांग्रेस परित्याग गरी आएका सन्तोष यादव र (ख) मा मिथिला नगरपालिकाका पूर्व मेयर हरिनारायण महतोलाई उम्मेदवार बनाएको छ । जसपाले (क) मा प्रदेश सरकारका पूर्वमन्त्री ज्ञानेन्द्र यादव र (ख) मा चन्देश्वर महतोलाई उठाएको छ । एमाले र जसपाका सहमति अनुसार धनुषा-४ को प्रतिनिधिसभासँगै प्रदेशसभा (क) एमालेले लिने र (ख) जसपाले लिने उल्लेख छ । अर्कातर्फ नेकपा एकीकृत समाजवादीका धनुषा उपाध्यक्ष सोमप्रसाद शर्मालाई धनुषा (ख) बाट टिकट दिनेगरी एमाले प्रवेश गराइएकोमा टिकट भने दिइएको छैन । सत्ता गठबन्धन प्यानलसहित एकातिर छ । सत्ता गठबन्धनबाट प्रदेश सभा (क) मा भर्खर जसपा छाडेर आएका शेषनारायण यादव र (ख) मा एकीकृत समाजवादीका शत्रुघन महतो उम्मेदवार छन् । वन उद्योग पर्यटन प्रदेश मन्त्री समेत रहेका शत्रुधन यस क्षेत्रका प्रत्यक्ष निर्वाचित वर्तमान प्रदेश सांसद हुन् । त्यसैगरी चुनावको मुखमा केही स्थानीय प्रभावशाली नेताले गरेको पार्टी फेरबदलले पनि असर पार्ने सम्भावना प्रवल छ । जसपाले टिकट नदिएपछि विद्रोह गरेर कांग्रेसबाट प्रदेश सभा (क) मा उम्मेदवारी दर्ता गराएका शेषनारायण यादवका कारण जसपालाई क्षति र कांग्रेसलाई फाइदा पुग्नसक्ने विश्लेषण भइरहेको छ ।

# दीपावलीमा मलाइका र अर्जुन



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ कार्तिक

पछिल्लो एक हप्तादेखि बलिउड सेलिब्रेटीहरू दीपावली पार्टीहरूमा देखिएका छन्। दीपावलीको विशेष अवसरमा सोनम कपुरले आफ्नो घरमा पार्टी राखेकी थिइन् । सोनमको पार्टीमा मलाइका अरोरा र अर्जुन कपूर पुगेका थिए । मलाइका-अर्जुनलाई पारम्परिक लुकमा देखेर फ्यानहरूको नजर उनीहरूमाथि नै अड्किएको थियो ।

सोनम कपूरको दीपावली पार्टीमा धेरै बलिउड स्टारहरूले आफ्नो उपस्थितिको साथ साँझलाई सुन्दर बनाए। मलाइका अरोरा र अर्जुन कपूर पनि ती मध्ये एक हुन् । मलाइकाले दीपावली पार्टीमा स्टाइलिस पहिरन लगाएकी थिइन्। अर्जुन र मलाइकालाई पारम्परिक लुक्समा सँगै देख्दा फ्यानहरूको दिन बन्यो । एकातिर मलाइका दीपावली पार्टीमा हरियो रङ्गको पोशाकमा देखिएकी थिइन् । त्यस्तै, अर्जुन कपुरले कालो रङ्गको कुर्ता-पाइजामा लगाएका थिए । अर्जुन र मलाइकाले हातमा हात राखेर पोज दिए । मलाइका-अर्जुनको तारिफमा मानिसहरूले विभिन्न खालका कमेन्ट गरिरहेका छन् ।

# युभेन्ट्स समूह चरणबाटै बाहिरियो, पिएसजी अन्तिम १६ मा प्रवेश

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ९ कार्तिक




बेन्फिकासँग मंगलबार राति ३-२ ले पराजित भएसँगै युभेन्टस च्याम्पियन्स लिगको समूह चरणबाटै बाहिरिएको छ । समूह एच मा पाँच खेलको समाप्तीमा समान ११ अंकसहित पेरिस सेन्ट जर्मन ( पिएसजी) र बेन्फिका क्रमशः पहिलो र दोस्रो स्थानमा छन् । यस समूहबाट पिएसजी र बेन्फिका अन्तिम १६ मा प्रवेश गरेका हुन् ।

तेस्रो स्थानको युभेन्टस र चौथो स्थानको मकाबी हैफाको समान तीन अंक छ । समूह चरणको अन्तिम खेलमा युभेन्टसले पिएसजीको सामना गर्नेछ भने बेन्फिकाले मकाबी हैफाविरुद्ध खेल्नेछ । पछिल्लो खेलमा मकाबी हैफालाई २-० को नतिजा सुम्पिएसँगै युभेन्टस दबाबमा परेको थियो । युभेन्टसलाई अन्तिम १६ मा प्रवेश गर्नका लागि बेन्फिका र पिएसजीविरुद्ध जित आवश्यक थियो । बेन्फिकासँगको हारपछि युभेन्टसका लागि पिएसजीविरुद्ध समूह चरणको अन्तिम खेल प्रतिष्ठाको लडाई मात्र हुनेछ । १७औं मिनेटमा एन्टोनियो सिल्भाको गोलमा बेन्फिकाले अग्रता लिएको थियो । २१ औं मिनेटा मोइस किनले युभेन्टसलाई खेलमा फर्काएका थिए । २८ औं मिनेटमा मारियो र ३५ औं मिनेटमा राफा सिल्भाले समान एक गोल गरेपछि बेन्फिकाले आफ्नो अग्रता ३-१ मा पुर्याएको थियो । ५० औं मिनेटमा राफा सिल्भाले बेन्फिकाका लागि चौथो गोल गरे । ७७ औं मिनेटमा मिलिकले युभेन्टसका लागि दोस्रो गोल गरे । त्यसको तीन मिनेटपछि वेस्टन म्याकिनेले युभेन्टसका लागि तेस्रो गोल गरे पनि त्यो खेलमा फर्कन भने पर्याप्त भएन । समूह एच कै अर्को खेलमा पिएसजीले मकाबी हैफालाई ७-२ ले हरायो । पिएसजीको जितमा लियोनल मेस्सी र केलियन एम्बाप्पेले समान दुई-दुई गोल गर्दा नेयमारले एक गाल गरेका थिए ।

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व तिहार एवं छठ को शुखद अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





श्री सजिव कुमार साह
नगर प्रमुख

भंगहा नगरपालिका कार्यालय (परिवार) महोत्तरी ।

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व तिहार एवं छठ को शुखद अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





श्री प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख

बर्दिवास नगरपालिका कार्यालय (परिवार) महोत्तरी ।

# यौनहिंसा र मिडिया ट्रायल

-मिडिया अर्थात् सञ्चार माध्यम । सूचना र ज्ञानको विस्तार गर्ने साधनका रूपमा भन्डै ६ सय वर्षअघि इटालीको भेनिसमा हस्तलिखित अखबारबाट थालिएको सञ्चारमाध्यमले छापा युग हुँदै आजसम्म ठूलै कायाकल्प गरिसकेको छ । अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारको मुखर पैरवी गर्दै मिडियाले लोकतन्त्र र आम नागरिक पंक्तिको रक्षाकवचका रूपमा निर्वाह गरेको भूमिकाको जति प्रशंसा गरे पनि कम हुन्छ । त्यसैले मिडियालाई कुनै पनि मुलुकको व्यवस्थाका व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकापछिको चौथो स्तम्भ मानिन्छ ।

तर यही स्तम्भको दुरुपयोग गरेर संरचनाप्रदत्त शक्ति र साधन-स्रोतले सम्पन्न बलियाहरूको रक्षा गर्ने अनि निर्बलमाथि आधिकारिक तथ्यबिना नै सार्वजनिक अपमान, बेइज्जती र तिरस्कारको प्रवाह गर्ने काम पनि उल्लेख्य स्तरमा हुने गरेको छ । तिनै अपमान र बेइज्जतीका कारण कैयौंले असामान्य स्तरको नैतिक, मानसिक र भौतिक क्षति बेहोर्नुपरेका र कतिले त यसैकारण जीवनबाटै पलायन रोजेका, आत्महत्यासम्मै गरेका घटना पनि देखिएका छन । यस्तो दुःखद परिणतिको जिम्मेवार हुने गरेको छ– मिडिया ट्रायल जसले कोर्ट ट्रायल अर्थात् अदालती न्यायिक प्रक्रियालाई ठाडो चुनौती मात्रै दिएको छैन, सबुत, प्रमाण र मसिना तथ्यमाथिको लामो न्यायिक अध्ययन, दुईपक्षीय बहस र न्यायाधीशको मुक्त विवेकको ठम्याइभन्दा अघि नै आफ्नो 'फैसला' सुनाइदिन्छ । यसरी फैसला गर्न अरू धेरै कुरा चाहिँदैन, पूर्वनिर्धारित एक पक्षप्रतिको आग्रह र अर्कोप्रतिको दुराग्रहका आधारमा खडा गरिएका अडकल, अनुमान र शंकाका सुई तेर्स्याइदिन सके पुग्छ ।

मिडियालाई दुरुपयोग गरेर कुनै घटनामाथि सनसनीपूर्ण समाचार बनाउँदै प्रक्षेपण गरिएका कथित 'विश्लेषण' र ठहरहरू कतिसम्म संगतिपूर्ण छन्, कति तथ्यपरक छन् भन्ने जाँचेर मात्रै पत्याउने फुर्सद र चेत तपाईं-हामीमध्ये कतिसँग होला ! अभिव्यक्ति स्वतन्त्रताको स्वच्छन्द उपयोग गरेर कसैको जिन्दगी र प्रतिष्ठामाथि खेल्ने यस्ता लेखोटहरू सही नहुन पनि सक्छन् है भनी छ्यानविचार गर्ने र तिनलाई 'रिजेक्ट' गर्ने न्यायसम्मत सोच पनि कतिसँग होला ! प्रहरी र अदालतसमक्ष पुगिसकेका मुद्दा होऊन् या हदम्यादको सीमा वा अन्य कारणले त्यहाँ पुग्न नसकेका, स्वच्छ अनुसन्धान र विवेकपूर्ण न्यायलाई प्रभावित पार्ने गरी मिडिया आफैंले बिनातथ्य मनोगत ठहरका आधारमा घटनासँग जोडिएका कसैलाई दोषी वा निर्दोष करार गरिदिनुलाई 'मिडिया ट्रायल' भनेर बुझिन्छ । मिडिया सूचना प्रसारण र विश्लेषण गर्ने क्षेत्र हो तर यो आफैं न्यायालय होइन जसले कुनै घटना या प्रकरणमा अविकल र अन्तिम विचार दिन सक्छ । न्यायालयभित्र 'कोर्ट ट्रायल' हुँदा एक स्तरबाट गरिएको न्यायसम्पादनमा प्रश्न उठ्न सक्छ र त्यसलाई पुनर्परीक्षण गर्नुपर्छ भनेर सुरु, पुनरावेदन र सर्वोच्च गरी तीन तहको संरचना बनाइएको हुन्छ जसमा एउटा मुद्दाले अन्तिम किनारा लाग्न वर्षौंको समय लिनुपर्ने हुन्छ । यसअन्तर्गत प्रहरीमा जाहेरी पुगिसकेपछि तथ्यमाथिको मसिनो चरणबद्ध अनुसन्धान नभई प्रतिवादीमाथि अभियोजन नै बन्न सक्दैन । अभियोजन तयार भइसकेपछि पनि पक्षहरूलाई पालैपालो इजलास समक्ष पेस गर्दै बयान, बकपत्र र बहसको लामो चरण पार गरिसकेपछि मात्र बेन्च (न्यायाधीश) एउटा ठोस निष्कर्षमा पुग्छ ।

सुरु अदालतको ठहर अन्यायपूर्ण भयो भन्ने पक्षले पुनरावेदन गर्न उच्च अदालत जान सक्छ । उच्च अदालतको फैसलासँग पनि सन्तुष्ट हुन नसके सर्वोच्च अदालतसमक्ष पुग्न सक्छ । सर्वोच्चले गरेकै फैसलामाथि पनि प्रश्न उठ्ने ठाउँ रहे पुनः एकपटक सर्वोच्चमै मुद्दा दोहोर्‍याएर हेर्ने वा पुनरवलोकन गर्नेसम्मको व्यवस्था छ । कुनै संवैधानिक वा कानुनी त्रुटि नगरी, स्थापित कानुनी सिद्धान्त र नजिरको सही पालना र व्याख्यासहित आएको फैसलापछि मात्रै सार्वजनिक वृत्तमा को दोषी वा निर्दोष भन्ने छलफल गर्न मिल्छ । अन्यथा, सञ्चारमाध्यम जस्तो जनमानसमा तत्काल प्रभाव पार्ने क्षेत्रबाट केही दिन वा घण्टाको अध्ययनका भरमा कुनै मुद्दाको पक्षमाथि अनुमानको खेती गर्दै शंकाका सुई घुमाइदिने र पूरै विषयान्तर गरी सनसनीको बजार चलाउनु विवेकहीन हर्कत मात्रै होइन, पत्रकारिताको क्षेत्राधिकारभन्दा बाहिरको अनुचित कार्यसमेत हो ।

पछिल्ला केही उल्लेख्य मुद्दाहरूका दृष्टान्त हेरौं, नेपालमा मुद्दाका पक्षहरूको स्वच्छ सुनुवाइको हकमाथि मिडियाको हस्तक्षेप भयावह रूपले विस्तार भएको देखिन्छ । त्यसमा पनि यौनहिंसाजन्य प्रकरणहरूमा त मिडिया ट्रायलको अवस्था सबैभन्दा सकसपूर्ण र डरलाग्दो देखिएको छ । यद्यपि, स्थापित र नाम चलेका मिडिया हाउसहरूले कुनै प्रकरण वा मुद्दाविशेषको आधारभूत तथ्य र प्रमाणबिना आफ्नो क्षेत्राधिकार नाघ्ने स्तरमा ओर्लेर समाचार प्रसारण नगरेका होलान्, यो फरक कुरा भयो । तर सनसनीपूर्ण समाचार र कथित 'विश्लेषण' को खेती गरेर सांस्कृतिक संरचनामा 'भल्नरेबल' स्थितिमा रहेका महिला र नाबालिगलाई नै निशानामा पार्ने र पीडित हुँ भन्दै न्यायको अपिल गर्नेमाथि नै सार्वजनिक बेइज्जती गर्ने काम मिडियामार्फत शृंखलाबद्ध रूपमै भएका छन । सेलेब्रिटीका रूपमा ख्यातिप्राप्त पल शाह र सन्दीप लामिछाने प्रतिवादी रहेको जबर्जस्ती करणीका दुई अलग मुद्दाका जाहेरीवाला नाबालिगहरूमाथिका सार्वजनिक हुर्मत र अपमानका स्रोत यस्तै मिडिया ट्रायल हुन । समाजका सबै संरचना र मानिसहरूका सोच्ने ग्रन्थी पुलिङकेन्द्री मनोविज्ञानले चलाएको छ भन्न धेरै ऐतिहासिक र समकालीन तथ्यहरू पर्याप्त छन ।



यसको प्रभाव सञ्चार माध्यमभित्र पनि जबर्जस्त छ । कति जबर्जस्त छ भन्न दैनिक समाचारहरूका शीर्षकहरू मात्रै नियाले पुग्छ । यसबारेमा भएका तिखा आलोचनात्मक टिप्पणीहरू र सम्भवतः नयाँ पुस्ताका सम्पादकहरूको फेरिँदो मूल्य पद्धतिको परिणामले हुन सक्छ, हालैका वर्षहरूमा केही सञ्चारगृहले संरचनागत अन्याय र सांस्कृतिक मनोद्वेषलाई चिर्ने गरी लैंगिक विभेदजन्य विषयमा स्त्रीमैत्री कोणलाई प्राथमिकतामा राख्न थालेका छन् । यो केही हदसम्म राहतको कुरा हो तर मूलतः खासखास पक्ष र साध्यका खातिर रोजै उम्रिरहेका मध्ये कतिपय अनलाइन पोर्टल र युट्युब च्यानलहरूबाट प्रसारित विचार अत्यधिक स्त्रीद्वेषी मनोशास्त्रमा उभिएका छन । यौनहिंसाका मुद्दामा मिडिया ट्रायलको जग यही मनोशास्त्र हो जसले हरेकजसो पीडितलाई 'पुरुष फसाउने गिरोह' र 'व्यावसायिक सर्भाइभर' का रूपमा प्रचार गर्छ ।

*साभार : कान्तिपुर ।*

कम्प्यूटर टाईप-प्रिन्ट

सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: दिलीप कुमार साह :-
सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व तिहार एवं छठ को शुखद अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





श्री प्रदिप कुमार खड्का
नगर प्रमुख

औरही नगरपालिका कार्यालय (परिवार) महोत्तरी ।

हार्दिक शुभकामना

हिन्दुहरुको महान पर्व तिहार एवं छठ को शुखद अवसरमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





श्री हरि प्रसाद मण्डल
नगर प्रमुख

मटिहानी नगरपालिका कार्यालय (परिवार) महोत्तरी ।

प्रकाशक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम–४(मुरलीचौक), कम्प्यूटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday